स्थानिय सरकार
# गुठिचौर गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## धलमुडी, जुम्ला

कर्णाली प्रदेश

**बृत्त चित्र निर्माण सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मितिः२०८३।०२।२८**

गाउँ कार्यपालिकाको कार्यालय गुठिचौर गाउँपालिका धलमुडी, जुम्ला कर्णाली प्रदेश, नेपाल २०७३

श्री सरोकारवालाहरु

प्रस्तुत विषयमा यस गुठीचौर गाउँपालिका जुम्लाको आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार वडा न १ को लागी **बृत्त चित्र निर्माण** गर्न बिनियोजित भएको रु ३००००० (तिन लाख रुपैया मात्र) बजेटको सिमा भित्र रहेर काम गर्न इच्छुक यस गुठिचौर गाउँपालिकामा सुचिकृत भएका फर्म/कम्पनी/सप्लायर्स/व्यवसायीहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र कार्यालय समयमा गुठिचौर गाउँपालिकाले तयार पारेको यसै साथ सँलग्न TOR मा रहेको BOQ को ढाचाँमा दररेट सहितको कोटेशन पेश गर्नु हुन सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यो सुचना सम्बन्धि काम गर्न मिल्ने इच्छुक फर्म/कम्पनी/सप्लायर्स/व्यवसायीहरुले माथी उल्लेखित समय भित्र गुठिचौर गाउँपालिकाको प्रशासन शाखामा खामबन्दि कोटेशन पेश गर्नुपर्ने छ। कोटेशन पेश गर्ने अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्नुपर्ने छ।

२०८३।०२।२८

.............................
टेक बहादुर बुढथापा
(प्रमुख प्रशासकीय अधिकृत)

## कार्यशर्त (Terms of Reference - TOR)

## गुठीचौर गाउँपालिका, वडा नम्बर १ को वृत्तचित्र तथा तस्बिर सहितको बुकलेट निर्माण कार्यक्रम

### १. पृष्ठभूमि

गुठीचौर गाउँपालिकाको वडा नम्बर १ प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिकोणले अत्यन्त महत्वपूर्ण र सम्भावना बोकेको वडा हो। यस वडाभित्र रहेका परम्परागत स्थानीय जनजीवन, अद्वितीय कला-संस्कृति, रैथाने भेषभूषा, ऐतिहासिक पर्यटकीय स्थलहरू र स्थानीय तहमा भएका विकासका आयामहरूलाई अभिलेखीकरण गरी व्यापक रूपमा प्रचार-प्रसार गर्न आवश्यक देखिएको छ। यसै सन्दर्भमा वडाको समग्र पहिचान र चिनारीलाई संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यका साथ एक संक्षिप्त वृत्तचित्र (Documentary) र तस्बिर सहितको सूचनामूलक आकर्षक बुकलेट (Booklet) निर्माण गर्नका लागि यो कार्यशर्त (TOR) तयार गरिएको छ।

### २. कार्यक्रमको उद्देश्य

- वडा नम्बर १ का प्रमुख पर्यटकीय, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक धरोहरहरूको भिडियो र उच्च गुणस्तरका तस्बिरहरू संकलन गरी अभिलेखीकरण गर्ने।
- स्थानीय रैथाने संस्कृति, लोक झाँकी, परम्परागत भेषभूषा, रहनसहन र प्राकृतिक सौन्दर्यलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान गराउने र प्रवर्द्धन गर्ने।
- वडाको समग्र भौगोलिक, सामाजिक, सांस्कृतिक चिनारी र विकासका मुख्य-मुख्य गतिविधिहरू समेटिएको गुणस्तरीय वृत्तचित्र र व्यावसायिक बुकलेट तयार गर्ने।

### ३. कार्यक्षेत्र तथा जिम्मेवारी (Scope of Work)

परामर्शदाता वा सेवाप्रदायकले गुठीचौर गाउँपालिका वडा नम्बर १ को कार्यालय र स्थानीय सरोकारवालाहरूसँगको घनिष्ठ समन्वयमा निम्नलिखित कार्यहरू पूर्ण उत्तरदायित्वका साथ सम्पादन गर्नुपर्नेछः

क) वृत्तचित्र (Documentary) निर्माण सम्बन्धीः

- अवधि र ढाँचाः वृत्तचित्रको कुल अवधि ७ देखि १० मिनेटको हुनुपर्नेछ र यसलाई High Definition (HD Format) मा निर्माण गर्नुपर्नेछ।
- सामग्रीः आवश्यक स्क्रिप्ट/पटकथा लेखन, स्पष्ट र व्यावसायिक भ्वाइस ओभर (नेपाली भाषामा), उपयुक्त ब्याकग्राउन्ड म्युजिक र आधुनिक प्रविधिबाट भिडियो सम्पादन (Editing) कार्य समावेश हुनुपर्नेछ।
- स्थलगत छायांकनः वडा नं. १ भित्रका मुख्य-मुख्य पर्यटकीय क्षेत्र, धार्मिक स्थलहरू, सांस्कृतिक गतिविधि, स्थानीय जनजीवन र वडाका मुख्य उपलब्धिहरू प्रत्यक्ष रूपमा खिच्नुपर्नेछ।

ख) तस्बिर सहितको बुकलेट (Booklet) निर्माण सम्बन्धीः

- साइज र लेआउटः (A4 Size) वा बोक्न र पढ्न सहज हुने उपयुक्त साइजमा हुनुपर्नेछ। कभर बाहेक भित्री पानाहरू १६ देखि २४ पेजको हुनेछ।
- डिजाइनः आधुनिक, आकर्षक, रङ्गीन (Multi-color) र व्यावसायिक ग्राफिक लेआउट हुनुपर्नेछ।
- सामग्रीः वडाको संक्षिप्त परिचय, भौगोलिक नक्सा, प्रमुख पर्यटकीय गन्तव्यका उच्च गुणस्तरका तस्बिरहरू (High-Resolution Photos) र संक्षिप्त वर्णनात्मक विवरण (नेपाली भाषा वा आवश्यकता अनुसार नेपाली र अंग्रेजी दुवैमा) समावेश हुनुपर्नेछ।

४. आवश्यक जनशक्ति

यस कार्यलाई गुणस्तरीय र तोकिएको समयभित्र सम्पन्न गर्नका लागि सेवाप्रदायकसँग निम्न बमोजिमका दक्ष तथा अनुभवी जनशक्तिहरू उपलब्ध हुनुपर्नेछः

- सिनियर भिडियोग्राफर तथा फोटोग्राफर (सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको)
- भिडियो सम्पादक (Video Editor) र ग्राफिक डिजाइनर (Graphic Designer)
- पटकथा लेखक (Script Writer) तथा सूचना/तथ्यांक संकलक

गुठीचौर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
घलमडी, जुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

## ५. कार्यतालिका (Timeline)

सम्झौता भएको मितिले कुल ~~२० (तीस)~~ दिन भित्र दुवै कार्य (वृत्तचित्र र बुकलेट) पूर्ण रूपमा सम्पन्न गरी अन्तिम प्रतिवेदन र सामग्रीहरू बुझाउनुपर्नेछ। कार्यतालिकाको चरणबद्ध विवरण निम्नानुसार हुनेछः

- दिन १ - ५ (चरण १): तयारी र अध्ययन - वडा कार्यालयसँग समन्वय, अवधारणा पत्र (Concept Note) स्वीकृति र पटकथा (Script) लेखन।
- दिन ६ - १० (चरण २): स्थलगत छायांकन र तस्बिर संकलन - गुठीचौर वडा नं. १ का तोकिएका स्थानहरूमा पुगेर भिडियो र उच्च गुणस्तरका तस्विरहरू खिच्ने कार्य।
- दिन ११ - १५ (चरण ३): सम्पादन र ड्राफ्ट प्रस्तुति - भिडियो सम्पादन, भ्वाइस ओभर, बुकलेटको लेआउट डिजाइन र पहिलो मस्यौदा (Draft) वडा कार्यालयमा प्रस्तुत।
- दिन - २० (चरण ४): अन्तिम परिमार्जन र हस्तान्तरण - प्राप्त सुझावका आधारमा परिमार्जन गरी फाइनल वृत्तचित्र र बुकलेटको डिजिटल/प्रिन्ट कपी बुझाउने।

## ६. अपेक्षित उपलब्धिहरू (Deliverables)

- वृत्तचित्र (Documentary): फाइनल रूपमा सम्पादन गरिएको वृत्तचित्रको मास्टर कपी पेनड्राइभ वा डिजिटल माध्यममा (२ प्रति)।
- बुकलेट (Booklet): पूर्ण रूपमा तयार भएको प्रिन्ट-रेडि पीडीएफ (Print-Ready PDF) फाइल र सम्झौता बमोजिमको संख्यामा मुद्रित (Printed) आकर्षक बुकलेटहरू।
- डिजिटल तस्बिरहरूः छायांकनका क्रममा खिचिएका मुख्य-मुख्य उच्च गुणस्तरका र र Raw/Edited तस्बिरहरूको व्यवस्थित डिजिटल सङ्ग्रह।

## ७. बुकलेट छपाई सम्बन्धी प्राविधिक विवरण (Technical Specifications)

बुकलेटलाई व्यावसायिक र दीर्घकालीन रूपमा सुरक्षित राख्न मिल्ने गरी निम्न प्राविधिक मापदण्ड अनुसार छपाई (Printing) गर्नुपर्नेछः

गुठीचौर गाउँपालिका
गाउँपालिकाको कार्यालय
दलमुडी, जुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| १ | साइज (Size) | A4 Size (५.८ × ८.३ इन्च) - बोक्न र पढ्न सहज हुने। |
| २ | पेज संख्या (Pages) | १६ देखि २० पेज (कभर बाहेक, आवश्यकता अनुसार भित्री पानाहरू)। |
| ३ | कभर पेपर (Cover) | 150 GSM Art Card (उच्च गुणस्तरको कडा पेपर)। |
| ४ | कभर फिनिसिङ | Matt Lamination (म्याट लेमिनेसन) र मुख्य शीर्षक वा लोगोमा Spot UV। |
| ५ | भित्री पाना (Inner) | 150 GSM Art Paper (तस्बिरहरू स्पष्ट र चम्किलो देखिने म्याट वा ग्लासी पेपर)। |
| ६ | छपाई प्रविधि (Print) | Multi-Color Offset Printing (४ कलर उच्च गुणस्तरको व्यावसायिक छपाई)। |
| ७ | बाइन्डिङ (Binding) | Center Stitch (बिचमा पिन मार्ने) वा Perfect Binding। |
| ८ | डिजाइन लेआउट | स्थानीय पहिचान झल्किने, पर्याप्त मार्जिन र आकर्षक फन्ट सहितको ग्रिड लेआउट। |

**कभर डिजाइन र लेआउट सम्बन्धी विशेष निर्देशन:**

- मुख्य कभर (Front Cover): गुठीचौर वडा नं. १ को पहिचान झल्काउने सबैभन्दा आकर्षक प्राकृतिक वा सांस्कृतिक तस्बिर (जस्तै: स्थानीय भेषभूषा, मुख्य पर्यटकीय स्थल वा गुठीचौरको चौर) मुख्य तस्बिरको रूपमा रहनुपर्नेछ। माथिल्लो भागमा गाउँपालिका र वडाको आधिकारिक लोगो र नाम स्पष्ट हुनुपर्नेछ।

गुठीचौर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ढल्कुडी, जुम्ला कर्णाली प्रदेश, नेपाल २०७३
प्रमुख प्रशासकीय अधिकृत

- ब्याक कभर (Back Cover): वडा कार्यालयको सम्पर्क विवरण, ईमेल, वेबसाइट र सामाजिक सञ्जालका लिंकहरू सहित संक्षिप्त धन्यवाद ज्ञापन रहनेछ ।
- तस्बिरको गुणस्तर: बुकलेटमा प्रयोग हुने प्रत्येक तस्बिर कम्तीमा 300 DPI (Dots Per Inch) को हुनुपर्नेछ, ताकि छपाइ गर्दा तस्बिरहरू धमिलो (Blur) नआओस् ।
- प्रुफ रिडिङ र स्वीकृति: डिजाइन र अक्षरको अन्तिम प्रुफ रिडिङ वडा कार्यालयको तोकिएको अधिकारी वा समितिबाट अनिवार्य रूपमा स्वीकृत गराई 'Print-Ready' प्रमाणित भएपछि मात्र छपाई प्रक्रिया अगाडि बढाउनुपर्नेछ ।

**८. बजेट र भुक्तानी तालिका (Budget & Payment Terms)**

यस कार्यका लागि कुल स्वीकृत बजेट रु. ३,००,०००/- (अक्षरेपी तीन लाख रुपैयाँ मात्र, कर सहित) हुनेछ। नियमानुसार लाग्ने कर कट्टी गरी सम्पुर्ण काम सकेर आवश्यक डकुमेन्ट सबै पेश गरी सकेपछि सबै भुक्तानी गरिनेछ।

**९. प्राविधिक तथा अन्य शर्तहरू**

- म्युजिक र सामग्रीको प्रतिलिपि अधिकार: वृत्तचित्रमा प्रयोग हुने पृष्ठभूमि संगीत, भिडियो क्लिप वा अन्य कुनै पनि सामग्रीहरू कपीराइट (Copyright) मुक्त हुनुपर्नेछ वा मौलिक हुनुपर्नेछ । कपीराइट सम्बन्धी विवाद आएमा सेवाप्रदायक स्वयं जिम्मेवार हुनुपर्नेछ ।
- भाषा र शुद्धता: बुकलेट तथा वृत्तचित्रमा प्रयोग हुने भाषा, व्याकरण र तथ्यहरू पूर्ण रूपमा शुद्ध हुनुपर्नेछ । ऐतिहासिक र धार्मिक तथ्यहरूको पुष्टि वडा कार्यालयसँगको समन्वयमा गरिनुपर्नेछ ।
- स्वामित्व: यस कार्यक्रम अन्तर्गत तयार पारिएका सम्पूर्ण भिडियो फुटेज, तस्बिरहरू, डिजाइन र फाइनल उत्पादनहरूको पूर्ण बौद्धिक सम्पत्ति तथा स्वामित्व गुठीचौर गाउँपालिका वडा नम्बर १ को कार्यालयमा रहनेछ ।

गुठीचौर गाउँपालिका
गाउँपालिकाको कार्यालय
जुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

Guthichaur Rural Municipality
Office of Executive Municipality
Province Karnali
Dhawalmudi, Jumla.

# BILL OF QUANTITY

कार्यक्रम / आयोजनाको नामः बृत्त चित्र निर्माण

ठेगाना:- गुठिचौर गाँउपालिका वडा न १ जुम्ला

| Item No. | Description of Works | Unit | Quantity | Rate NRs. | | Total Amount NRs. | Remarks |
|---|---|---|---|---|---|---|---|
| | | | | In Figures | In Words | | |
| 1 | बृत्त चित्र निर्माण | पटक | 1.00 | | | | |
| | | | | | | | |
| In words: | | | | | GRAND TOTAL | | |

Firm Name :-

Address :-

Sign :-

Stamp :-

Date :-